हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक २३९ | बुटवल | २०८३ भदौ २६ गते, शुक्रबार | नेपाल संवत ११४६ | Friday September 11, 2026 | पृष्ठ ४ | मूल्य रु. १० मात्र | Lumbini

# राज्यकोषबाट २४ करोड खर्चपछि अलपत्र खानेपानी आयोजना

## प्यूठानमा नेपाल सरकारबाट बजेट विनियोजन नै हुन छाडेपछि बन्दै गरेका दर्जनौं खानेपानी आयोजनाहरू अलपत्र परेका छन् ।

**लवकुमार अधिकारी**
*प्यूठान*

खानेपानी र सिँचाइको चरम अभाव झेलिरहेका प्यूठानका दुर्गम गाउँमा राहत पुग्ने आशा गरिएका लिफ्ट खानेपानी तथा सिँचाइ आयोजना वर्षौंदेखि अलपत्र परेका छन् । संघीय सरकारले प्रदेश सरकारलाई हस्तान्तरण गरेका दर्जनौं आयोजना कार्यान्वयनमा बेवास्ता हुँदा यी आयोजनाहरु अलपत्र परेका हुन् ।

लुम्बिनी प्रदेशका जिल्लामध्ये खानेपानीको भरपर्दो स्रोत नभएको र सधैं हाहाकार भोगिरहने जिल्लामध्ये प्यूठान पर्छ । राष्ट्रिय जनगणना, २०७८ अनुसार प्यूठानको २ लाख ३२ हजार २१९ जनसंख्यामध्ये ३७.७५ प्रतिशत अर्थात् ८७ हजार ६७२ जनसंख्याले मात्र खानेपानी आयोजनाअन्तर्गतको पानी उपभोग गरिरहेका छन् । ६२.२५ प्रतिशत जनसंख्या खानेपानीको पहुँचबाहिर रहेको छन् ।१ लाख ४४ हजार ५४७ धेरै जनसंख्याले अझै पनि नदि,कुवा (पधेरो), हातेपम्प, मूल, इनार, बजारमा उपलब्ध जारको पानीमा निर्भर छन् ।

खानेपानीको यही संकट समाधानका लागि सरकारले सशर्त अनुदानअन्तर्गत यहाँ ११ वटा खानेपानी आयोजना शुरू गरेको थियो । विडम्बना २४ करोड १ लाख ४८ हजार ७ सय रुपैयाँ खर्च भइसकेपछि ती आयोजना अलपत्र अवस्थामा पुगेका (पुऱ्याइएका) छन् । यी सबै अलपत्र आयोजनाहरु सम्पन्न गर्न अनुमानित रकम करिव ११ करोड ७१ लाख रुपैयाँ आवश्यक पर्ने खानेपानी तथा सरसफाइ कार्यालय प्यूठानका प्रमुख राज किशोर मण्डलले जानकारी दिए ।

**जब बजेट नै रोकियो**

प्यूठानका यी खानेपानी आयोजनाको काम आर्थिक वर्ष २०७२/७३ मा तत्कालीन जिल्ला कार्यालय (खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय प्यूठानका ) मातहतबाट अगाडि बढाइएको थियो ।

२०७२ सालमा संविधानसभाबाट जारी संविधानअनुसार मुलुक संघीय अभ्यासमा गएपछि संघीय सरकारले लुम्बिनी प्रदेशको शहरी विकास तथा खानेपानी मन्त्रालयलाई अनुदानका योजनाका रूपमा यी आयोजना हस्तान्तरण गरेको थियो । तिनै १० आयोजना यतिबेला अधुरा संरचना र सुक्खा पाइप लाइनको प्रतीकझैं बनेका छन् । संघीय सरकारले यी आयोजना मात्र प्रदेश सरकारलाई हस्तान्तरण गर्ने, तर बजेट बनाउने चाहि संघीय मन्त्रालयबाट नै हुने खानेपानी तथा सरसफाइ कार्यालय प्यूठानका प्रमुख राजकिशोर मण्डले बताए । 'अधुरा यी आयोजना निर्माणका लागि पूरा हुन ११ करोड ७० लाख रुपैयाँ अनुमानित रकम आवश्यक छ,' उनले भने-' त्यसमध्ये अहिलेसम्म सरकारको २४ करोड १ लाख ४८ हजार ७ सय रुपैयाँ खर्च भइसकेको छ, यो खर्च सरकारको बजेट खर्च मात्र हो, श्रमदानसमेत जोड्दा आयोजनामा २६ करोड ४१ लाख ६३ हजार ५७० रुपैयाँ खर्च भइसकेको छ, तर संघीय सरकारको आर्थिक वर्ष २०८३/८४ को बजेट पुस्तिका (रातो किताब) मा यी १० आयोजनाहरु समावेश छैनन्, चालु आर्थिक वर्षमा संघमार्फत् १ करोड ५० लाख रकम विनियोजन भएको छ ।' सरकारले यस आर्थिक वर्षमा बिनियोजन गरेको रकम अपुग हुँदा यी अधुरा आयोजनाहरुलाई केही रकम थप गरेर पूरा हुने आयोजनाको अध्ययन गरी केही आयोजनाहरु पूरा



गर्ने लक्ष्य राखेको प्रमुख मण्डलले जाकारी दिए ।

**कुन-कुन आयोजनाहरु अलपत्र परे**

लुम्बिनी प्रदेश सरकारअन्तर्गत ४ वटा आयोजना र संघीय सरकारबाट प्रदेश सरकारमा हस्तान्तरण भएका ७ ठुला आयोजनाहरु अलपत्र परेका छन् ।

तिनैमध्ये एउटा प्यूठान नगरपालिका -६ मा रहेको माझकोट घायझुलेनी खानेपानी आयोजना हो । जो नगरपालिकाकै लागि महत्त्वपूर्ण थियो । यो आयोजना सम्पन्न हुँदा करिव ४ सय घरधुरीहरु लाभान्वित हुने उपभोक्ता समितिका अध्यक्ष बालाराम केसीले बताए । 'हामीले पटक-पटक पलिका र प्रदेश मन्त्रालयलाई गुहार्यौ, तर अझै बनेन् ।'- उनले भने । उपभोक्ता समितिका अध्यक्ष केसी संघीय सरकारले बजेट नै विनियोजन नगरेपछि आयोजना लथालिंग भएको बताउँछन् ।

यो आयोजना सम्पन्न गर्न २ करोड २५ लाख अनुमानित रकम खर्च गर्नुपर्ने खानेपानीका प्रमुख मण्डल बताउँछन् । अलपत्र परेको मध्ये ठुलो रकम अभावका कारण बन्द भएको आयोजनामध्ये माझकोट घायाझुलेनी खानेपानी आयोजना हो । यो आयोजनामा हालसम्म ३ करोड ३६ लाख ७५ हजार रुपैयाँ खर्च भइसेको छ । यहाँ २ वटा स्किमबाट निर्माण कार्य सुरु भएको छ, पहिलो स्किमअन्तर्गत झुलेनीको ३ लाख ५० हजार लिटर पानी ट्यांकी सम्पन्न भएको छ, भने अर्को स्किमतर्फ गुरुङगाउँस्थित पानी ट्यांकी र पाइपलाइन समेत बनेका छन् ।

अर्को गौमुखी गाउँपालिका -६ लिवाङ बुक्तिचौरस्थित डीप बोरिङ्ग खानेपानी आयोजना हो । तत्कालिन समयका लुम्बिनी प्रदेशका अर्थमन्त्री कृष्णध्वज खड्काले १ करोड बजेट बिनियोजन गरी उपभोक्ता समितिमार्फत् गरिएको आयोजना ३ महिनापछि अलपत्र परेको हो । गाउँको डाँडामा डीप बोरिङ सिस्टमबाट चलाउन खोज्दा करिव ४ महिनामै पानी सुक्यो र हाल अलपत्र अवस्थामा रहेको स्थानीय केशर सुनारले बताए । डीपीआर नै गलत तरिकाले बनाएको हुँदा सो आयोजना ४ महिना नबित्दै सुकेको हो । पटक-पटक पालिकालाई समेत ध्यानाकर्षण गराउदा सुनुवाइ नभएको स्थानीय सुनारको भनाइ छ ।

सोहि पालिकाको साविकको पूजा गा.वि.स वडा नं.३-९ मा रहेको गौथलेमुल खानेपानी आयोजना पनि अलपत्र अवस्थामा रहेको छ । खानेपानी कार्यालय प्यूठानका अनुसार यो आयोजनामा १ करोड ८२ लाख ३७ हजार हालसम्म खर्च भइसकेको छ । सो आयोजना सम्पन्न गर्न करिव अझै १ करोड ८० लाख लाग्ने देखिन्छ । सोही वडाका वडाध्यक्ष धनीराम सुनारका अनुसार सो आयोजना सम्पन्न भएमा करिव ११ सय घरधुरी लाभान्वित हुनेछन् । हाल नेवा खानेपानी प्रोजेक्टको समन्वयमा 'एक घर एक धारा' सञ्चालनमा ल्याउन समन्वय भएको हुँदा सम्भवतः यही असोज महिनाबाट सुरु हुने वडाध्यक्ष सुनारले जनाए ।

त्यस्तै, प्रदेश सरकारअन्तर्गतका मल्लरानी गाउँपालिका -५ स्थित झिमरुक वृहत् लिफ्ट खानेपानी आयोजना चालुआर्थिक वर्षमा बजेट विनियोजन भएन । सो आयोजना पूरा गर्न करिव ४ करोड ३५ लाख ५९ हजार लाग्ने खानेपानी कार्यालयले जनाएको छ । २ करोड १८ लाख ५९ हजार रुपैयाँ हालसम्म खर्च भइसकेको छ भने सो आयोजना पूरा गर्न अब करिव १ करोड ८५ लाख रुपियाँ लाग्नेछ ।

प्रदेश सरकारअन्तर्गत नौबहिनी गाउँपालिका-८ स्थित लुपलुङ्ग लिफ्ट खानेपानी आयोजना त्यस्तै अलपत्र अवस्थामा रहको छ । हालसम्म १ करोड ४९ लाख ५४ हजार रकम खर्च भईसकेको छ भने अब ८८ लाख रुपैयाँ लाग्नेछ । सो आयोजना पूरा गर्न २ करोड ७५ लाख ५४ हजार रुपैयाँ लाग्ने खानेपानी कार्यालय प्यूठानले जनाएको छ ।

संघीय सरकारबाट प्रदेश सरकारमा हस्तान्तरण भएको खानेपानी आयोजनामध्ये सरुमारानी गाउँपालिका वडा-३ स्थित (साविकका) हंसपुर ६,७ लिफ्ट खानेपानी आयोजना हो । यो आयोजना सम्पन्न हुन कुल रकम २ करोड ९८ लाख ५ हजार खर्चनु पर्ने देखिन्छ । तर वर्षौंदेखि बजेट अभावका कारण अलपत्र अवस्थामा रहेको हंसपुर आयोजना २ करोड १८ लाख ६५ हजार खर्च भइसकेको छ । अब यो आयोजना पुरा हुन अनुमानित ८० लाख रुपैयाँ लाग्ने खानेपानी कार्यालय प्यूठानले जनाएको छ ।

अर्को आयोजना संघीय सरकारकै बजेटमा अलपत्र परेको सोहि पालिकाको वडा-२ बांगेशालस्थित बांगेशाल ९ लिफ्ट खानेपानी आयोजना हो । यस आयोजनामा हालसम्म ६२ लाख ९२ हजार रुपैयाँ खर्च भइसेकेको छ । सो आयोजना पुरा हुन् अब करिव ५५ लाख रुपैयाँ लाग्नेछ ।

संघिय सरकारको बजेटमा निर्माण गर्न सुरु गरेका अलपत्र अवस्थामा रहेका २ ठुला खानेपानी आयोजना स्वर्गद्वारी नगरपालिकामा छन् । स्वर्गद्वारी नगरपालिका -८ स्थित सातमुले बर्जिवाङ्ग खानेपानी आयोजना र वडा -९ स्थित गोठीवाङ्ग खानेपानी आयोजना हो । सातमुले खानेपानी आयोजना हालसम्म ४ करोड ९८ लाख ५२ हजार रुपैयाँ खर्च भईसकेको छ । सो आयोजना पुरा हुन् करिव ७८ लाख रुपैंया लाग्ने छ । अर्को गोठीवाङ्ग खानेपानी आयोजनामा हालसम्म २ करोड ७१ लाख ८९ हजार २०० रुपैयाँ खर्च भईसेको छ । सो आयोजना पुरा गर्न करिव १ करोड २० लाख रुपैयाँ खर्च लाग्नेछ । खानेपानी तथा सरसफाइ कार्यालय प्यूठानका अनुसार सो अलपत्र परेको आयोजना मध्ये जिल्ला कै ठुलो खानेपानी आयोजना हो ।

संघीय सरकारबाट हस्तान्तरण भएको आयोजना मध्ये झिमरुक गाउँपालिका - ३ स्थित सिमपानी खानेपानी आयोजना हो । सो आयोजना पुरा हुन् करिव ३ करोड १२ लाख ७० हजार रुपैयाँ लाग्नेछ । हालसम्म नेपाल सरकारबाट २ करोड ३७ लाख ७० हजार रुपैयाँ खर्च भइसेकेको छ भने अब सो आयोजना पुरा हुन् करिब ७५ लाख रुपैयाँ लाग्नेछ । वर्षौंदेखि अलपत्र परेको आयोजनामध्ये यो सिमपानी खानेपानी आयोजना पनि एक हो । माण्डवी गाउँपालिका -२ मर्कावाङ्गस्थित मर्कावाङ्ग खानेपानी आयोजना हालसम्म २ करोड २४ लाख ५५ हजार ५ सय रुपैयाँ बजेट खर्च भईसकेको छ । सो आयोजना पूरा हुन् करिव ८५ लाख रुपैयाँ लाग्नेछ । यो खानेपानी आयोजना पुरा भए करिव १ सय ७० घरधुरी लाभान्वित हुने सोहि वडाका वडाध्यक्ष प्रकाश वलीले बताए । '१२ महिनामा ३ महिना मात्र खानेपानीको समस्या हुन्छ,' उनले भने-'म निर्वाचित हुनुभन्दा पहिला नै यो आयोजनाहरु अलपत्र परेका थिए, उपभोक्ता समितिमार्फत् काम गरेको हुँदा समितिका सदस्यहरुको हेलचक्र्याइँ र डीपीआरअनुसार काम नहुँदा राज्यले खर्चमात्र गर्यो पुरा गर्न सकेन र हाल अलपत्र अवस्थामा रहेको ।'

» बाँकी ३ पेजमा

## प्रदेश सांसद पदमुक्त प्रकरण :

# प्रदेशसभा सचिवालयलाई छानबिन र कारबाही गर्न माग


जनता समाजवादी पार्टी, नेपाल
PEOPLE'S SOCIALIST PARTY, NEPAL
मिति : २०८३।०५।२५
प्रेस विज्ञप्ति
डा.सुरेन्द्र कुमार झा
महासचिव

बुटवल । जनता समाजवादी पार्टी (जसपा) नेपालले पार्टीकी लुम्बिनी प्रदेशसभा सदस्य अम्बिका काफ्लेलाई दल त्यागसम्बन्धी सूचना जारी गरी पदमुक्त गरिएको घटनाप्रति गम्भीर आपत्ति जनाएको छ । उक्त पार्टीले निर्णय तत्काल सच्याउन लुम्बिनी प्रदेशसभा सचिवालयसँग माग गरेको छ ।

जसपा नेपालका महासचिव डा. सुरेन्द्रकुमार झाले बिहीबार जारी गरेको प्रेस विज्ञप्तिमा प्रदेशसभा सचिवालयले २४ भदौमा सूचनामार्फत् काफ्लेलाई दल त्यागसम्बन्धी सूचना प्रकाशित गरी पदमुक्त गरेको विषयमा पार्टीको गम्भीर ध्यानाकर्षण भएको जनाइएको छ ।

पार्टीले उक्त निर्णय किर्ते तथा नक्कली कागजातलाई आधार बनाएर गरिएको गैरकानुनी, असंवैधानिक र संसदीय अभ्यासको मर्मविपरीत कार्य भएको दाबी गरेको छ ।

जसपा नेपालका अनुसार १ भदौमा लुम्बिनी प्रदेशसभा संसदीय दललाई तत्कालीन मुख्यमन्त्री चेतनारायण आचार्यले लिएको विश्वासको मतको विपक्षमा मतदान गर्न स्पष्ट निर्देशन दिएको थियो । तर, उक्त ह्विप उल्लंघन गरी मुख्यमन्त्रीको पक्षमा मतदान गर्ने प्रदेशसभा सदस्यहरू सन्तोषकुमार पाण्डेय, आदेशकुमार अग्रवाल, भण्डारीलाल अहिर र हेमा बेल्वासे केसीमाथि पार्टीले स्पष्टीकरण सोधेको जनाएको छ ।

जसपाका अनुसार स्पष्टीकरणको जवाफ चित्तबुझ्दो नभएपछि १६, १७ र १८ भदौमा बसेको केन्द्रीय कार्यकारिणी समितिको बैठकबाट कारबाही प्रक्रिया अघि बढाइएको थियो । विज्ञप्तिमा उनीहरू चार जनालाई पार्टीको साधारण सदस्यसमेत नरहने गरी कारबाही गरिएको उल्लेख छ ।

तर, अहिले लुम्बिनी प्रदेशसभा सचिवालयबाट अम्बिका काफ्लेलाई दल त्यागसम्बन्धी सूचना जारी गरिएको विषयलाई जसपा नेपालले त्यसै घटनासँग जोडेर आपत्ति जनाएको छ ।

**'अजय झाको हस्ताक्षर भएको पत्र नै किर्ते'**

जसपा नेपालले प्रदेशसभा सचिवालयमा पेस भएको पत्रमाथि नै गम्भीर प्रश्न उठाएको छ । पार्टीको नाममा सहमहासचिव अजय झाको हस्ताक्षर रहेको भनिएको पत्रलाई आधार बनाएर प्रदेशसभा सचिवालयले निर्णय गरेको आरोप लगाउँदै जसपा नेपालले उक्त पत्रमा प्रयोग भएको लेटरप्याड तथा छापसमेत नक्कली रहेको दाबी गरेको छ ।

विज्ञप्तिमा अजय झा पार्टीको साधारण सदस्यसमेत नरहेको अवस्थामा उनको नामबाट प्रस्तुत गरिएको पत्रलाई जसपा नेपालको केन्द्रीय समितिको निर्णयका रूपमा स्वीकार गरी निर्णय गर्नु गम्भीर आपत्तिजनक, गैरकानुनी तथा चुनौतीपूर्ण विषय भएको उल्लेख छ ।

पार्टीले त्यस्तो पत्रका आधारमा भएको निर्णय तत्काल सच्याउन प्रदेशसभा सचिवालयसमक्ष माग गरेको छ । जसपा नेपालले घटनालाई प्रदेशसभा सदस्यको पदमुक्तिसँग मात्र सीमित नराखी राजनीतिक स्वार्थका लागि सरकारी तथा संवैधानिक संयन्त्रको दुरुपयोग भएको आरोप लगाएको छ ।

विज्ञप्तिमा सत्ता जोगाउने राजनीतिक स्वार्थका लागि किर्ते कागजात प्रयोग गर्नु, गैरकानुनी प्रक्रिया अपनाउनु तथा राज्यका संवैधानिक एवं संसदीय निकायको दुरुपयोग गर्नु लोकतान्त्रिक व्यवस्था, विधिको शासन र स्वच्छ राजनीतिक प्रतिस्पर्धामाथिको गम्भीर प्रहार भएको उल्लेख छ । पार्टीले घटनामा संलग्न जोसुकै भए पनि उनीहरूलाई कानुनी दायरामा ल्याउनुपर्ने माग गरेको छ ।

**प्रदेशसभा सचिवालयलाई छानबिन र कारबाही गर्न माग**

जसपा नेपालले लुम्बिनी प्रदेशसभा सचिवालयले सांसद अम्बिका काफ्लेलाई पदमुक्त गर्ने निर्णय तत्काल सच्याउनुपर्ने, घटनाको निष्पक्ष छानबिन गर्नुपर्ने तथा किर्ते कागजात तयार गर्ने, प्रयोग गर्ने र त्यसकै आधारमा निर्णय प्रक्रियामा संलग्न हुने व्यक्तिहरूमाथि प्रचलित कानुनबमोजिम आवश्यक कारबाही अघि बढाउन सम्बन्धित निकायको गम्भीर ध्यानाकर्षण गराएको छ । पार्टीले यस विषयमा निर्वाचन आयोगलाई समेत गम्भीर ध्यानाकर्षण गराएको जनाएको छ । साथै, उक्त निर्णय गैरकानुनी भएको दाबी गर्दै त्यसविरुद्ध आवश्यक न्यायिक तथा कानुनी उपचारका प्रक्रिया अवलम्बन गर्ने जानकारी पनि दिएको छ ।

यससँगै काफ्लेलाई पदमुक्त गरिएको विषय थप विवादमा तानिएको छ । प्रदेशसभा सचिवालयले जारी गरेको सूचनाको वैधानिकता र त्यसका लागि पेस गरिएको भनिएको पत्रको आधिकारिकतामाथि जसपा नेपालले प्रश्न उठाएपछि अब पत्रको स्रोत, हस्ताक्षरको आधिकारिकता र निर्णय प्रक्रियाको वैधानिकतामाथि छानबिन गर्नुपर्ने अवस्था सिर्जना भएको छ ।

जसपा नेपालका महासचिव डा. सुरेन्द्रकुमार झाद्वारा जारी विज्ञप्तिमा प्रदेशसभा सचिवालयको निर्णय फिर्ता/सच्याउन माग गर्दै आवश्यक कानुनी उपचारमा जाने स्पष्ट चेतावनी दिइएको छ ।




## सम्पादकीय

# बिथोलिएको दैनिकी

खाना पकाउने ग्यासको अभावले उपभोक्ताको दैनिकी बिथोलिएको छ। वितरण प्रणाली व्यवस्थित बनाउन सक्दा भद्रगोल बजार लयमा आउन सक्छ, तर सरकारले व्यवस्थापन प्रणाली बनाएर नतिजामुखी काम गर्न सकेको छैन।

सेवा प्रवाहलाई मुद्दा बनाएर चुनाव जितेको राष्ट्रिय स्वतन्त्र पार्टीको झण्डै दुई तिहाईको सरकार छ। सेवा प्रवाहलाई चुस्त बनाउने चुनावी नारा कता हरायो ? के चुनावका नारा केवल सपना मात्रै हुन र ? बजारमा ग्यास अभाव हुन थालेको दुई महिना पुग्न थालेको छ। सरकारी निकाय आफैँले उद्योगबाट ग्यास उठाएर बेचे। यो तत्कालका लागि लोकप्रिय देखिए पनि उपभोक्ताको चुल्हो बाल्नका लागि भरपर्दो हुन सकेन्। सरकार आफैं व्यापारी बन्नुभन्दा बजारको वितरण प्रणालीलाई व्यवस्थित बनाउन प्राथमिकता दिनुपर्छ। उपभोक्ता ग्यासका लागि नजिकका किराना र खाद्य पसल तथा डिलर कहाँ जान्थे। खासमा जानुपर्ने त्यही हो, तर अहिले शहरको कुनै एक ठाउँमा घण्टौं लामो लाइन लाग्न बाध्य छन्। घण्टौं लाइन लाग्दा ग्यास नपाइएपछि गरीखाने वर्ग समस्यामा परेको छ। चुल्हो बल्न छाडेपछि समाजमा चरम निराशा बढेको छ।

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादवले राजीनामा दिएकी छिन्। वितरण प्रणाली नबन्नु उनको मात्रै कमजोरी होइन्। नयाँ मन्त्रीमा दिपक साह आएका छन्। भद्रगोल वितरण प्रणालीलाई सुधार गर्न सक्दा नयाँ मन्त्रीको सफलताको सुरुवात हुनेछ। भारतबाट पर्याप्त ग्यास नआइरहेको बेला बजारलाई लयमा अघि बढाउन सरकारले योजना बनाएर काम गर्नुपर्दथ्यो। वितरण प्रणालीलाई व्यवस्थित बनाउन सक्दा अहिलेको चरम अभावबाट मुक्त हुन सम्भव छ। उपभोक्ता कति छन्, ती उपभोक्तालाई कति ग्यास सिलिण्डर दिइएको छ भन्ने प्रष्ट तथ्याङ्कको अभावमा समस्या भएको हो। ग्यास व्यवसायिका अनुसार, नेपालमा मासिक करिब ५० हजार मेट्रिक टन ग्यास आवश्यक पर्छ। त्यसमध्ये औसत ३५ हजार मेट्रिक टन मात्रै आयात भएको छ। ७.१ केजीको ग्यास बिक्री भएको समय (चार महिना)मा करिब ६० हजार मेट्रिक टन ग्यास कम आयात भएको छ। नेपालमा आवश्यकताभन्दा धेरै सिलिन्डर रहेकोले पनि समस्या भएको व्यवसायीको भनाइ छ। नेपालमा करिब १ करोड सिलिन्डर आवश्यक पर्छ। अहिले १ करोड ८० लाखभन्दा बढी सिलिन्डर बजारमा छन्। एकातिर आयातमा कमि र अर्कोतिर आवश्यकभन्दा बढी सिलिण्डर भएकाले अभावका बेला सिलिण्डर धेरै हुनेले स्टक राख्दा समस्या भएको हो भन्ने बुझ्न कठिन छैन।

उपभोक्तालाई डिजिटल प्रणालीमा आबद्ध गरी माग र आपूर्तिको प्रष्ट तथ्याङ्क राख्न सक्दा वितरण प्रणाली प्रभावकारी हुनसक्छ। ग्यास आपूर्तिलाई डिजिटल प्रणालीमा आबद्ध गर्न सके अरु क्षेत्रमा पनि यो मोडल प्रयोग गर्न सकिन्छ। तत्कालका लागि सीमान्तकृत, गरिब र विद्यार्थीलाई अनिवार्य ग्यास पुऱ्याउने जिम्मा सरकारको हो। शहरमा लामो लाइनमा कोही सुकिला मुकिला देखिएका छैनन्। बिहान बेलुका हातमुख जोर्न धौधौ पर्नेहरु नै घण्टौं लाइन लाग्नुपर्ने बाध्यताले उनीहरुको दैनिकी कष्टकर भएको छ। सरकार गरिब, विपन्न र सीमान्तकृत समुदायको सारथी बन्न सक्नुपर्छ।

# सेयर बजार १३.८५ अङ्कले घट्यो



काठमाडौँ। सेयर बजारमा बिहीबार पनि गिरावट देखिएको छ। बिहीबार नेप्से परिसूचक १३.८५ अङ्कले घटेर २५३१.५५ विन्दुमा सीमित भएको हो।

कारोबार अवधिभर कुल ४ अर्ब ९७ करोड बराबरको कारोबार भएको छ भने १० लाख ५८ हजार कित्ता सेयर किनबेच भएका छन्। कुल ३४१ वटा स्क्रिप्समा कारोबार भएको छ।

बजारमा बिक्रीकर्ता हाबी देखिएका छन्। तथ्याङ्कअनुसार १९९ वटा कम्पनीको मूल्य घट्दा ६८ वटा कम्पनीको मात्रै मूल्य बढेको छ। ११ वटा कम्पनीको सेयर मूल्यमा भने कुनै परिवर्तन आएको छैन।

समूहगत रूपमा पनि सबै समूहका सूचकमा गिरावट देखिएको छ। उत्पादनमूलक क्षेत्रमा सबैभन्दा धेरै १.१४ प्रतिशतको आएको छ। अरू सबै सूचक एक प्रतिशत भन्दा कमले घटेका छन्।

बजारमा लिबर्टी इनर्जीको सेयर मूल्यमा उच्च वृद्धि देखिएको छ। उक्त कम्पनीको मूल्य १५ प्रतिशतले बढेर २५५ रुपैयाँभन्दा माथि पुगेको छ। सिन्धु विकास बैंकको मूल्य सबैभन्दा धेरै १४.९८ प्रतिशतले घटेको छ। त्यस्तै, सर्वाधिक कारोबार रकम हुने कम्पनीमा पनि सोही कम्पनी नै अगाडि छ, जसको ४५ करोड ४८ लाख ८० हजार रुपैयाँभन्दा बढीको कारोबार भएको छ।

# नयाँ नेपालमा बदलिएको राजनीति र चुनौतीहरू !



ईन्द्रप्रसाद भुसाल

नयाँ पुस्ताले शासनमा आफ्नो हिस्सेदारी खोजिरहेको छ। नया सरकारले गम्भिरतापुर्वक पपुलिज्म कि संस्थागत लोकतन्त्र, उपभोग कि उत्पादन, परनिर्भरता कि अन्तरनिर्भरता, अस्थिरता कि स्थिरता, पुरानो शक्ति-संरचना कि उत्तरदायी नयाँ राजनीतिको बारेमा उत्तर दिने बेला आइसकेको छ । यो दुर्लभ अवसर बाट अब हामी राज्यको चरित्र बदलिएको देख्न चाहिरहेका छौ तसर्थ सरकारको परीक्षा अब सुरु भएको छ।

नेपाल यतिबेला केवल सरकार परिवर्तनको चरणमा छैन । नेपालको राजनीतिक संस्कार, पुस्तान्तरण, राज्यप्रतिको नागरिक विश्वास र विकासको पुरानो ढाँचामाथि पुनर्विचार गर्ने निर्णायक मोडमा उभिएको छ। २०८२ सालको जेनजी आन्दोलनले सडकमा देखिएको असन्तोषलाई चुनावी मतमा रूपान्तरण गऱ्यो र २०८२ फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनले नेपाली राजनीतिमा असाधारण परिवर्तन ल्यायो। निर्वाचन आयोगका अनुसार १ करोड ८९ लाखभन्दा बढी मतदाता रहेको निर्वाचनमा ६ दलले प्रतिनिधिसभामा प्रतिनिधित्व पाए । राष्ट्रिय स्वतन्त्र पार्टीले समानुपातिकतर्फ ५७ सिटसहित कुल १८२ सिट जित्यो । यो परिणाम सामान्य सत्ता परिवर्तन मात्र होइन। छ दशकभन्दा बढी समयपछि कुनै एउटा दलले यति ठूलो बहुमत पाएको नया घटना हो। पुराना राजनीतिक दलप्रतिको असन्तुष्टि, भ्रष्टाचार र नातावादप्रतिको आक्रोश, रोजगारीको अभाव, विदेशिन बाध्य युवाको पीडा र राज्यका संस्थाप्रति घट्दो विश्वासले नयाँ राजनीतिक शक्तिलाई अभूतपूर्व अवसर दिएको थियो। मतपरिणामको परिणामले पुरानो राजनीति अस्वीकार गरेर सत्तामा पुगेको नयाँ राजनीतिले आफैंलाई कति नयाँ प्रमाणित गर्न सक्छ ? भन्ने प्रश्नको उत्तर पनि खोजिरहेको छ । जेनजी आन्दोलनलाई केवल सामाजिक सञ्जाल प्रतिबन्धको प्रतिक्रियाका रूपमा बुझ्नु ठूलो भूल हुनेछ।

सामाजिक सञ्जाल प्रतिवन्ध एउटा सामान्य झिल्को मात्रै हो तर जेनजि आन्दोलनको ज्वालामुखीको लाभा धेरै वर्षदेखि जम्मा भइरहेको थियो। भ्रष्टाचार, बेरोजगारी, अवसरमा असमानता, राजनीतिक संरक्षणवाद, सार्वजनिक संस्थाको कमजोर कार्यसम्पादन र नेतृत्वको पुस्तान्तरणप्रतिको अनिच्छाले युवाको मनमा गहिरो निराशा पैदा जेनजि आन्दोलनको रूपमा बिस्फोट भएको थियो। २०२५ को जेनजि आन्दोलनमा ठूलो मानवीय क्षति भयो र तत्कालीन सरकार ढल्यो । आम निर्वाचनले आन्दोलनको ऊर्जा संसद्को नया शक्तिमा रूपान्तरण गरेको पनि छ महिना बितिसकेको छ ।

श्रीलंकामा २०२२ को अरागलया आन्दोलनले आर्थिक संकट र राजनीतिक नेतृत्वप्रतिको आक्रोशलाई सडकमा उतार्‍यो । बंगलादेशमा २०२४ को विद्यार्थी आन्दोलनले अन्ततः लामो समय सत्तामा रहेको नेतृत्वलाई विस्थापित गऱ्यो । नेपालमा २०२५ को जेनजी आन्दोलनले त्यही क्षेत्रीय असन्तोषलाई अर्को राजनीतिक परिणाममा पुऱ्यायो। यी तीनै घटनाको पृष्ठभूमिमा आर्थिक कठिनाइ, भ्रष्टाचार, अवसरको असमानता र पुरानो राजनीतिक संरचनाप्रतिको असन्तोष देखिन्छ । नेपालको नयाँ राजनीतिक शक्तिले पाएको जनादेश असाधारण छ, त्यसैले नयाँ सरकारप्रति जनअपेक्षा पनि असाधारण हुनु स्वभाविक नै हो । १८२ सिटको बहुमतले सरकारलाई निर्णय गर्न पर्याप्त राजनीतिक शक्ति दिएको छ, तर त्यसले परिणाम दिने स्वतः ग्यारेन्टी गर्दैन । संसद्को माथिल्लो सदनमा नयाँ शक्तिको उपस्थिति अत्यन्त्य कमजोर हुनु, नयाँ नेतृत्वको सीमित शासन अनुभव र विविध पृष्ठभूमिबाट आएका नेताबीचको समन्वयजस्ता प्रश्न अझै छन्। बेलायती हाउस अफ कमन्सको अनुसन्धान प्रतिवेदनले पनि नयाँ सरकारको सबैभन्दा ठूलो चुनौती लोकप्रिय चुनावी वाचा र वास्तविक शासनबीचको दूरी घटाउनु भएको औंल्याएको छ । नयाँ नेपालमा पहिलो आवश्यकता नयाँ शासन संस्कार हो । पुराना दलहरूलाई हटाएर नयाँ पार्टिको सरकार भएर मात्र राज्य नयाँ हुँदैन। निर्णय प्रक्रिया, सार्वजनिक खर्चको हिसाब पारदर्शी हुनुपर्छ, राजनीतिक नियुक्तिमा योग्यता र क्षमताले स्थान पाउनुपर्छ, भ्रष्टाचारविरुद्धको अभियान विपक्षीमाथि पयोग हुने हतियार नभै आफ्नै मानिसमाथि पनि लागू हुने कानुन बन्नुपर्छ। त्यसैले नया सरकारले जेनजी पुस्ताले खोजेको र चाहेको निष्पक्षता बुझ्नु पर्ने जरुरी छ । तर संस्थागत सुधारका लागि दीर्घकालीन धैर्यता, नीति र संगठन चाहिन्छ । श्रीलंका र बंगलादेशको अनुभवले पनि सडकको लोकप्रियता र शासन क्षमताबीचको अन्तरलाई उजागर गरेको छ। विश्वभरका जेनजी आन्दोलनबारे अध्ययनहरूले युवा आन्दोलन भ्रष्टाचार र राजनीतिक बहिष्करणविरुद्ध अत्यन्त शक्तिशाली भए पनि त्यसको ऊर्जा दीर्घकालीन संस्थागत सुधारमा रूपान्तरण गर्न कठिन हुने देखाएका छन्।

राजनीतिक परिवर्तनको अर्को ठुलो परिक्षा अर्थतन्त्र हो ।आर्थिक परिसुचक को परिवर्तनले मात्र अर्थतन्त्र को सकारात्मक परिवर्तनको अनुभूति दिन सक्दैन । गाउँको युवा विदेश जान बाध्य छ, शहरको शिक्षित युवा रोजगारीको खोजीमा देश छाड्छ र घरमा वृद्ध आमाबाबु र रेमिट्यान्समा टिकेको परिवार बाँकी रहन्छ भने राजनीतिक परिवर्तन अधुरो हुन्छ। विश्व बैंकले २०२६ मा नेपालको आर्थिक वृद्धि २.३ प्रतिशतमा सीमित हुने प्रक्षेपण गरेको छ। राजनीतिक अस्थिरता, मध्यपूर्वको द्वन्द्व, प्रकृति बिपत्ति, पर्यटनमा दबाब, लगानीको कमजोर वातावरण र बाह्य जोखिमले अर्थतन्त्रलाई प्रभावित गरिरहेका छन् । नेपालले पुरानो आर्थिक सोचबाट बाहिर निस्कनुपर्छ । रेमिट्यान्सले गरिबी घटाउन र परिवारको उपभोग धान्न ठूलो भूमिका खेलेको छ, तर रेमिट्यान्समा आधारित अर्थतन्त्रलाई समृद्धिको अन्तिम गन्तव्य मान्न सकिँदैन। विश्व बैंकका अनुसार वैदेशिक रोजगारी र रेमिट्यान्स ले नेपालको आर्थिक समृद्धि हुन नसक्ने रिपोर्ट दिएको छ त्यसैले हामीले श्रम निर्यात गरेर उपभोग वृद्धि गर्ने अर्थतन्त्रबाट पूँजी, प्रविधि र सीप भित्र्याएर उत्पादन र निर्यात गर्ने अर्थतन्त्रतर्फ जानुपर्छ । जलविद्युत् भित्र्याएर पर्यटन, सूचना प्रविधि, कृषि प्रशोधन, औषधि, शिक्षा, स्वास्थ्य र हरित पूर्वाधारमा जस्ता क्षेत्रमा ठूलो आन्तरिक तथा बाहिय लगानी गर्नु पर्ने हुन्छ । लगानीको सुरक्षा, स्थिर नीति, छिटो न्याय, भरपर्दो पूर्वाधार र राज्य, बजार, समुदायबीच सन्तुलित सम्बन्ध आवश्यक छ।

यस राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लागानि को सन्दर्भमा सिंगापुर, दक्षिण कोरिया, चीन र मलेसियाका अनुभव नेपालका लागि प्रेरणादायी छन । राजनीतिक इच्छा शक्ति, संस्थागत क्षमता, मानव पूँजी र दीर्घकालीन नीति एक ठाउँमा आए भने एउटा पुस्तामै आर्थिक संरचना बदल्न सकिन्छ भन्ने कुरा चीन र मलेशियाबाट सिक्न सकिन्छ । नेपालमा पनि विकासको गति टेक-अफ' गर्ने गरी प्रभावशाली बनाउनुपर्ने जिम्मेवारी नयाँ राजनीतिक पार्टीलाई जनताले सुम्पिएका छन् ।अर्कोतर्फ विकासको गतिलाई ब्यबस्थित गर्दै गर्दा जलवायु संकट र प्राकृतिक बिपत्ति पनि उत्तिकै चुनौति बनेको छ । २०८३ भदौको हिमाली विपत्तिले नेपाललाई यस्तो कठोर चेतावनी दिएको छ, जसलाई अब कुनै सरकार वा राजनीतिक दलले बेवास्ता गर्न सक्दैन। अगस्ट २६ मा हिमनदी र चट्टान खस्ने घटनाबाट आएको विनाशकारी बाढीले नेपालमा १,३०० भन्दा बढी मानिसको ज्यान लिएको र हजारौंलाई बेपत्ता बनाएको छ। करिब २० हजार घर पुनर्निर्माण गर्नुपर्ने अवस्थामा पुगेका छन् भने जलविद्युत् परियोजनासहित ठूलो पूर्वाधार क्षतिग्रस्त भएको छ । यो महाप्रलय विकास मोडलमाथिको प्रश्नका रूपमा लिनु पर्छ। स्विट्जरल्यान्डजस्ता हिमाली मुलुकले पनि हिमपहिरो, हिमनदी र बाढीको जोखिम सामना गर्छन् । तर पूर्वसूचना प्रणाली, जोखिम नक्साङ्कन, सुरक्षित पूर्वाधार र स्थानीय तयारीका कारण एउटै प्रकृतिको जोखिमले हुने मानवीय क्षति निकै फरक हुन सक्छ । यो महाप्रलयले नेपालमा अब भौतिक पूर्वाधारहरू, सडक र पुल बनाउँदा कस्तो ठाउँमा, कस्तो प्रविधिबाट र कति जोखिम सहन सक्ने कुन मापदण्ड अनुसार बनाउनु पर्छ भन्ने अनिवार्य सोच्नु पर्ने जरुरी भएको महसुस गराएको छ। नेपालको जलवायु संकटमा योगदान अत्यन्त न्यून भए पनि त्यसको मार असमान रूपमा खेपिरहेको छ। सरकारले हालै अन्तर्राष्ट्रिय समुदायसँग जलवायु क्षतिपूर्तिको मागसमेत अघि सारेको छ। यो माग केवल आर्थिक सहयोगका लागि मात्र नभै जलवायु न्यायका लागि हुनुपर्छ। अब जलवायु कूटनीति नेपालको परराष्ट्र नीतिको केन्द्रमा आउनुपर्छ।

नयाँ सरकारले अब भावनाभन्दा बुद्धिमत्ता, उत्तेजनाभन्दा सन्तुलन र कुनै एक शक्तिको पक्षधरभन्दा पनि राष्ट्रिय हितलाई प्राथमिकता दिनुपर्छ । चीनसँग पूर्वाधार र प्रविधि, भारतसँग व्यापार र ऊर्जा, अमेरिकासहित पश्चिमी मुलुकसँग प्रविधि, लगानी र लोकतान्त्रिक सहकार्य गर्दै नेपालको स्वाधीनता निर्माण गर्नुपर्छ । नयाँ सरकारले सन्तुलित र असंलग्न परराष्ट्र नीतिलाई आर्थिक कूटनीतिसँग जोड्न सके नेपाल दुई विशाल बजारबीचको 'भौगोलिक भूभाग गतिशील आर्थिक सेतु बन्न सक्छ । नयाँ सरकारको विदेश नीतिबारे भएका विश्लेषणहरूले पनि भारत र चीनबीच सन्तुलन कायम राख्दै आर्थिक अवसर उपयोग गर्नुपर्ने चुनौती औंल्याएका छन्। नेपालको अर्को गम्भीर चुनौती वित्तीय सुशासन हो। नेपाल अझै FATF को ग्रे लिस्ट' अन्तर्गत छ। २०२६ जुनसम्म पनि नेपालले सम्पत्ति शुद्धीकरण, अवैध वित्तीय कारोबार, अनुसन्धान र कारबाहीका क्षेत्रमा थप सुधार गर्नुपर्ने FATF ले औंल्याएको छ। यो नेपालको वित्तीय प्रणाली, लगानी वातावरण, बैंकिङ विश्वसनीयता र आर्थिक सुशासनसँग जोडिएको विषय हो । नयाँ नेपालले कुनै पनि हालतमा भ्रष्टार नियन्त्रण गर्नु पर्छ । जेनजी आन्दोलनको मुलभुत उद्धेश्य नै 'भ्रष्टाचार नियन्त्रण थियो। अब लोकतन्त्रलाई केवल पाँच वर्षमा एकपटक मत हाल्ने अभ्यासबाट सहभागितामूलक लोकतन्त्रमा बदल्नुपर्छ। स्थानीय तहदेखि संघीय संसद्सम्म नागरिकको आवाज सुन्ने, सार्वजनिक नीतिमा युवाको अर्थपूर्ण सहभागिता गराउने, डिजिटल प्रविधिलाई पारदर्शिता र जवाफदेहिताको माध्यम बनाउने र राज्यका संस्थालाई राजनीतिक हस्तक्षेपबाट मुक्त गर्ने साहस नया सरकार सग चाहिन्छ । एकातिर १८२ सिटको बलियो राजनीतिक जनादेश छ भने अर्कोतिर कमजोर अर्थतन्त्र, विदेश पलायन, बेरोजगारी, भ्रष्टाचार, FATF को दबाब, जलवायु संकट र भूराजनीतिक प्रतिस्पर्धा छन्।

त्यसैले नयाँ नेपालको सफलता नयाँ प्रधानमन्त्री, नयाँ दल वा नयाँ पुस्ताले मात्र निर्धारण गर्ने छैन। यसको सफलता नयाँ राजनीतिक संस्कार निर्माण गर्न सकिन्छ कि सकिँदैन भन्ने कुराले निर्धारण गर्नेछ।अब सरकारले उत्तर दिने समय आएको छ। नेपालले त्यसलाई संस्थागत परिवर्तनमा रूपान्तरण गर्ने अवसर पाएको छ । श्रीलंकाको असन्तोष, बंगलादेशको विद्रोह, केन्याको युवा प्रतिरोध र नेपालको जेनजी आन्दोलन एउटै विश्वव्यापी संकेतका फरक रूप हुन् । नयाँ पुस्ताले शासनमा आफ्नो हिस्सेदारी खोजिरहेको छ । नया सरकारले गम्भिरतापुर्वक पपुलिज्म कि संस्थागत लोकतन्त्र, उपभोग कि उत्पादन, परनिर्भरता कि अन्तरनिर्भरता, अस्थिरता कि स्थिरता, पुरानो शक्ति-संरचना कि उत्तरदायी नयाँ राजनीतिको बारेमा उत्तर दिने बेला आइसकेको छ । यो दुर्लभ अवसर बाट अब हामी राज्यको चरित्र बदलिएको देख्न चाहिरहेका छौ तसर्थ सरकारको परीक्षा अब सुरु भएको छ।

प्राध्यापक -अर्थशास्त्र

# विषादी प्रयोग भएका फलफूल कसरी चिन्ने ?

फलफूलमा प्रयोग भएको विषादी यकिनका साथ पत्ता लगाउन प्रयोगशाला परीक्षण नै चाहिन्छ। तर, सामान्य सावधानी अपनाएर र केही लक्षणहरू पहिचान गरेर यसको जोखिमबाट बच्न सकिन्छ।

वरिष्ठ कन्सल्ट्यान्ट फिजिसियन डा. अच्युतशाली घिमिरे विषादीबाट बच्न सकभर मौसम अनुसार फल्ने फलफूल र तरकारीको मात्र सेवन गर्न सुझाव दिन्छन् । विषादीमुक्त तरकारी र फलफूलको सेवनले रगतको संरचनालाई मजबुत राखेर हामीलाई दीर्घकालीन रूपमा स्वस्थ राख्न मद्दत पुऱ्याउने उनी बताउँछन् ।

**विषादी भएका फलफूल चिन्ने केही तरिकाहरू**

अस्वाभाविक चमकः यदि फलफूल प्राकृतिक रूपभन्दा बढी चम्किलो र आकर्षक देखिन्छ भने त्यसमा रासायनिक विषादी वा मोम (Wax) को प्रयोग भएको हुन सक्छ।

बेमौसमका फलफूलः बेमौसमी फलफूलहरूमा किरा नलागोस् वा छिटो पाकोस् भनेर बढी मात्रामा रसायन र विषादी प्रयोग गरिन्छ।

त्यसैले जहिले पनि मौसमी फलफूल नै छान्नुहोस् ।

एकदमै सफा र दाग नभएकोः एकदमै सफा, चिल्लो र एउटै आकारका फलफूलमा विषादीको मात्रा बढी हुन सक्छ। अलिअलि दाग लागेका वा प्राकृतिक रूपमा किराले सामान्य खाएका फलहरू तुलनात्मक रूपमा सुरक्षित मानिन्छन् ।

अस्वाभाविक गन्धः फलफूल सुँघ्दा फलको प्राकृतिक सुगन्धको साटो तीखो र अस्वाभाविक रासायनिक गन्ध आएमा त्यसमा रसायन हुन सक्छ।

कुहिनुको सट्टा सुक्दै जानुः फलफूल पाकिसकेपछि सामान्यतया समयक्रममा कुहिन थाल्छ। यदि फल कुहिनुको सट्टा लामो समयसम्म उस्तै रहन्छ वा सुक्दै मात्र जान्छ भने त्यसमा रसायन वा प्रिजर्भेटिभ्स प्रयोग गरिएको बुझ्न सकिन्छ।

**विषादीको असर कम गर्ने घरेलु उपायहरूः**

फलफूल खानु वा पकाउनुअघि नुन वा बेकिङ सोडा मिसाइएको पानीमा १०-१५ मिनेट डुबाएर राख्नुहोस् ।

त्यसपछि सफा र बग्दो चिसो पानीले मज्जाले पखाल्नुहोस् ।

सम्भव भएसम्म र आवश्यक पर्ने फलफूलको बोक्रा राम्ररी ताछेर मात्र प्रयोग गर्नुहोस् ।

# मगर युवा संघको
# दोस्रो जिल्ला अधिवेशनको तयारी पूरा

देवदह । नेपाल मगर युवा संघ रुपन्देहीको दोस्रो जिल्ला अधिवेशनको सम्पूर्ण तयारी पूरा भएको छ। संघको भदौ २७ गते बुटवलमा हुने दोश्रो अधिवेशनको सम्पूण तयारी पुरा भएको देवदहमा पत्रकार सम्मेलन गरी जानकारी गराएका हुन।

अधिवेशनबारे जानकारी दिन आयोजित पत्रकार भेटघाट कार्यक्रममा संघका जिल्ला अध्यक्ष हेमन्त बुढाथोकी दोश्रो जिल्ला अधिवेशनको लागि जिल्लाका विभिन्न गाउँ तथा नगर समितिबाट प्रतिनिधि तथा पर्यवेक्षक सहित आयोजक समितिका गरी करिब ६० जना युवाको सहभागिता रहने जानकारी दिए।

नेपाल मगर युवा संघ रुपन्देहीको प्रथम जिल्ला अधिवेशन सम्पन्न भई १८ सदस्यीय बर्तमान समिति बनेको र यही समितिले दोस्रो अधिवेशन गर्न लागेको समितिका कोषाध्यक्ष बिरु रानाले जानकारी दिए । आफ्नो कार्यकालमा संघले जिल्लाका विभिन्न पालिकामा रहेका विपन्न तथा जेहेन्दार विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गर्नुका साथै रक्तदान कार्यक्रम समेत आयोजना गर्दै आएको जनाएको छ।

यस्तै, बलिहाङ पर्वलगायत मगर समुदायका सांस्कृतिक पर्वलाई संस्थागत रूपमा मनाउने परम्पराको सुरुवात गरेको र मातहतका समितिलाई प्रशिक्षण, अधिवेशन तथा भेला आयोजना गर्दै आएको संघले जनाएको छ।

यसैबीच, रसुवाको भोटेकोसी नदीमा भदौ १० गते आएको विनाशकारी बाढीमा परी ज्यान गुमाएका प्रति नेपाल मगर युवा संघ रुपन्देहीले श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा समवेदना प्रकट गरेको छ।

बाढी पीडितका लागि सरकारले स्थापना गरेको प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा संघको तर्फबाट २६ हजार ५ सय ५० रुपैयाँ सहयोग गर्ने निर्णय गरिएको पत्रकार सम्मेलनमा जानकारी दिइएको थियो। साथै, विपदको समयमा उद्धार तथा राहतका लागि राज्यले अझ प्रभावकारी भूमिका निर्वाह गर्न संघले आग्रह गरेको छ।

# बाँकेमा १९३ कुष्ठरोगी

राँझा। गत आर्थिक वर्ष ०८२/०८३ मा १९३ नयाँ कुष्ठरोगी फेला परेका छन्। बाँकेको जानकी गाउँपालिका-३, मानपुरमा अवस्थित साइनिङ अस्पतालमा कुष्ठरोगबाट प्रभावित १९३ नयाँ बिरामी फेला परेका हुन्।

तीमध्ये ८१ जना बाँकेका बिरामी रहेको साइनिङ अस्पतालका प्रमुख मङ्गल थारुले जानकारी दिए । उनका अनुसार, पहिचान भएकामध्ये ६२ प्रतिशत बिरामीमा कुष्ठरोगको कीटाणु पत्ता लागेको हो।

बाँके, बर्दिया र अन्य पहाडी जिल्लाबाट स्वास्थ्य परीक्षण गराउन आएका बिरामीमा उक्त रोगका कीटाणु देखिएको थियो। "बाँके जिल्लामा कुष्ठरोग प्रकोप दर घटेको छैन, प्रत्येक वर्ष नयाँ बिरामी फेला पर्ने दर बढ्दै गएको छ", अस्पताल प्रमुख थारुले भने-"लुम्बिनी प्रदेशमै बाँके उच्च जोखिममा रहेको छ।"

साइनिङ अस्पतालले कुष्ठरोगीको पहिचान, अपाङ्गता रोकथाम तथा उपचार, कुष्ठरोग सम्पर्क परीक्षण, समुदायस्तरमा छाला तथा कुष्ठरोग पहिचान शिविर, स्वास्थ्यकर्मीका लागि क्षमता अभिवृद्धि तालिम, समुदायमा कुष्ठरोग सचेतना कार्यक्रम, निःशुल्क उपचार सेवालगायत गतिविधि गर्दै आएको छ। गरिरहेको उनको भनाइ छ।

आर्थिक वर्ष ०८१/८२ मा १७४ र ०८०/८१ मा १४६ नयाँ कुष्ठरोगी पहिचान गरी उपचारका लागि विभिन्न स्वास्थ्य संस्थामा उपचारका लागि पठाइएको छ । स्वास्थ्य कार्यालय बाँकेका प्रमुख सुनिता पौडेलले समाजमा कुष्ठरोगीलाई गरिने व्यवहार, लाञ्छना र विभेद हट्न नसकेको बताउँदै राज्यले जनचेतना जगाउन र नयाँ बिरामी पत्ता लगाउन थप नयाँ नीति तथा कार्यक्रम ल्याउनुपर्नेमा जोड दिइन्।

सरकारको कुष्ठरोग निवारण विशेष नीति तथा कार्यक्रम नभएकोले सरकारी स्वास्थ्य संस्था नयाँ बिरामी पत्ता लगाउन साइनिङ अस्पताल, आइएनएफजस्ता संस्थाको सहयोग लिनुपर्ने बाध्यता छ।

# विश्व शान्तिधाम लुम्बिनीको पहलमा विश्व शान्ति पूजा हुँदै



लुम्बिनी । विश्व शान्तिधाम लुम्बिनीले भोटेकोसी बाढीमा ज्यान गुमाएकाप्रति श्रद्धाञ्जली, मृतकको आत्माको चिरशान्ति र घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै तीनदिने विश्वशान्ति पूजा गर्ने भएको छ।

विश्वशान्ति, अहिंसा, परोपकारसहित बुद्धधर्मको पक्षमा क्रियाशील सो संस्थाले विभिन्न धार्मिक सङ्घसंस्थाको सहयोगमा भोटेकोशी नदीमा बाढी गएको २१ औँ पुण्यतिथिका दिन यही भदौ २९ देखि ३१ गते बिहान ७:३० देखि १०:०० बजेसम्म काठमाडौँ बौद्ध स्तूपा परिसरमा पूजाआजासहित दीप प्रज्वलन तथा शान्ति प्रार्थना गर्न लागेको जनाएको छ।

विपत्बाट प्रभावित परिवारको समेत शुख, शान्ति र कल्याणको कामना गरिने सो विश्वशान्ति पूजामा बौद्धनाथ क्षेत्र विकास समिति, काठमाडौँ महानगरपालिका-६ नं. वडा कार्यालय, बौद्ध तामाङ कल्याण गुठी, ओम तामाङ सुखदुःख सेवा गुठी, छ्योर्तेन टासी तामाङ गुम्बा, नेपाल बौद्ध शान्ति समाज, नेपाल बोन बुद्धिस्ट महासङ्घ, विश्व बुद्धिस्ट मञ्च नेपाल, नेपाल तामाङ घेदुङ, रसुवा तथा अन्य सङ्घसंस्थाको सहयोग एवं सहभागिता रहने छ।

शान्तिका पक्षमा हुने आध्यात्मिक तथा सामाजिक अभियानमा निरन्तर सक्रिय श्याल्पा रिन्पोछेले भोटेकोसी नदीमा गएको अकल्पनीय एवं विनासकारी बाढीबाट बुद्धभूमि नेपालमा जनधनको नोक्सानीसहित अपूरणीय क्षति भएकामा दुःख व्यक्त गर्दै बाढीप्रभावितका पक्षमा विश्वशान्ति पूजा गर्न लागेको बताए।

उनले अहिंसाको सन्देशलाई विश्वभर फैलाउन यस्ता आध्यात्मिक गतिविधि महत्वपूर्ण हुने धारणा व्यक्त गर्दै मृतआत्माको चिरशान्ति, घाइतेको शीघ्र स्वास्थ्यलाभ, परिवारजनमा समवेदना तथा सम्पूर्ण मानवजनको कल्याणका पक्षमा हुनलागेको धार्मिक अनुष्ठानमा सहभागी हुन सबैसँग अनुरोध गरे।

## ७ दिने अत्यन्तै जरुरी सूचना

यस श्री सुमेरु बचत तथा ऋण सहकारी संस्था लि. का शेयर सदस्य बुटवल-३, बस्ने कर्णबहादुर के.सी.को नामको साविक मक्रहर गा.वि.स. वडा नं.६/६(क) हाल तिलोत्तमा-११ मक्रहरमा रहेको कित्ता नं.१५९२ क्षेत्रफल ०-०-५-० को जग्गा २०७८/११/०१ मा धितो राखी रु १०,०००००।-(अक्षरुपी दश लाख) ऋण लगेको हुनाले उक्त ऋण सहकारीको नियमानुसार ४ किस्ता गरी २०८०।१०।२९ सम्म चुक्ता गर्नुपर्नेमा हालसम्म कुनै पनि किस्ता रकम भुक्तानी नभएकोले पटक-पटक पत्राचार गरी तरताकेता गर्दा पनि भुक्तानी हुन नसकेको कारणले हाल निजको मृत्यु भएको भन्ने सुन्नमा आएको हुँदा निजको हकवालाहरुलाई समेत पटक-पटक पत्राचार गरी तरताकेता गर्दा पनि धितो जग्गाको ऋण नतिरी आनाकानी गरेकोमा प्रथम पटक मिति २०८३/०४/०७ गते पुनः दोस्रो पटक २०८३।०५।११ गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित कर्जा चुक्ता गर्ने ३५ र १५ दिने अत्यन्तै जरुरी सूचनाको समेत अवज्ञा गरी नआउनुभएको हुँदा प्रचलित ऐन कानुन तथा सहकारी संस्थाको नीति, निमय तथा कार्यविधि अनुसार पुनः तेस्रो पटक आजका मितिले ७ (सात) दिनभित्र सावाँ, व्याज र विलम्ब शुल्कसहित हुन आउने सम्पूर्ण रकम भुक्तानी गर्नुहुन ऋणीका हकवालालाई जानकारी गराइन्छ।

**श्री सुमेरू बचत तथा ऋण सहकारी लि.**
तिलोत्तमा-१, शंकरनगर, रूपन्देही

## नेपाल सरकार
## गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
(प्रशासन शाखा)
सिद्धार्थनगर, रूपन्देही

## प्रमाणित सम्बन्धी सूचना

मितिः २०८३/०५/२६

**जो जससँग सम्बन्ध राख्दछ।**

जिल्ला रुपन्देही साविक गजेडी गा.वि.स. वडा नं. ३ हाल कञ्चन गाउँपालिका वडा नं. १ बस्ने खगी थापाले आफ्नो पति धन बहादुर थापा भारत सरकारको भू.पू. सै.नं. ५०३९१५१, के. नायक दर्जाको १ जि.आर को पेन्सनर भएको। आफुले प्राप्त गरेको नागरिकता प्रमाण पत्रमा नामथर खगी थापा भएको र सैनिक अभिलेखमा दिलमाया हुन गई नामथर फरक पर्न गएता पनि व्यक्ति एउटै भएको व्यहोरा प्रमाणित गरि पाउँ भनी गजेडी गा.वि.स. कार्यालयको च.नं.१२६१ मिति २०७३/११/१२ को सिफारिशसाथ नागरिकता, सैनिक अभिलेख, बसाईसराइको फोटोकपि संलग्न राखी निवेदन दिनु भएको।



सो सम्बन्धमा गजेडी गा.वि.स. कार्यालयको सिफारिस र इलाका प्रहरी कार्यालय, सालझण्डीको च.नं. ५१५ मिति २०७३।१२।२ को पत्रसाथ संलग्न प्रहरी सर्जमिन मुचुल्काबाट भारत सरकारको भु.पू.सै.नं. ५०३९१५१ के नायक दर्जाको १ जि.आर. को पेन्सनर धन बहादुर थापाको श्रीमती बगी थापाको नागरिकता प्रमाण पत्रमा नाभथर खगी थापा र सैनिक अभिलेखमा दिलमाया हुन गई नामथर फरक पर्न गएता पनि व्यक्ति एउटै भएको भनी लेखि आएको व्यहोरा पेन्सन प्रयोजनको लागि मात्र प्रमाणित गरिएको छ।

प्रमुख जिल्ला अधिकारी

**राज्यकोषबाट...**

**अब के गर्ने ?**

लुम्बिनी प्रदेश सरकारको शहरी विकास तथा खानेपानी मन्त्रालयका महाशाखा प्रमुख विष्णु देव ठाकुरकाअनुसार संघीय खानेपानी मन्त्रालयले प्रदेश सरकारलाई योजना मात्र हस्तान्तरण गर्यो बजेट गरेन । 'अब यी आयोजनाको बाँकी निर्माण कार्य कसरी अघि बढाउने भन्नेबारे हामी संघीय सरकारको सँग समन्वय मा छौँ,' उनले भने-'केही आयोजना भर्खर सुरु भएकाले विकल्प खोज्न सकिएला, कैयौँ अलपत्र आयोजनामा भने ५० प्रतिशत धेरै काम सम्पन्न भएर पानी सञ्चालन गर्ने संघारमा रहेका होलान, अब यस आर्थिक वर्षको बजेट निर्माण भइसक्यो, आगामी वर्षमा यो समस्याहरु समेटेर अघि बढ्ने योजना बनाएका छौं।' यी आयोजनामा यसअघि पनि योजनाअनुसार बजेट विनियोजन हुन सकेन जसले गर्दा काममा अपेक्षित प्रगति हुन नसकेको उनले जनाए।

खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय प्यूठानका प्रमुख राजकिशोर मण्डलले डीपीआर गर्दा आयोजना तीन वर्षभित्र सम्पन्न गर्ने लक्ष्य राखिए पनि योजनाअनुसार बजेट विनियोजन हुन नसकेको, त्यसले गर्दा अलपत्र हुने अवस्था आएको बताए। 'अब आयोजनाले नै निरन्तरता नपाउँदा निर्माण व्यवसायी, कार्यान्वयन गर्ने निकाय र स्थानीय बासिन्दा सबै अन्योलमा परेका छन्', मण्डलले भने-'हिजो पनि योजनाअनुसार बजेट विनियोजन नहुँदा अपेक्षित काम हुन सकेन, अहिले बजेट नै नआएका कारण आयोजना अघि बढ्न सकेका छैनन्।' 'ति अधुरा आयोजना सम्पन्न गर्न करिव ११ करोड ७० लाख रुपैयाँ आवश्यक पर्छ, हामीलाई प्रदेश सरकारबाट १ करोड ५० लाख रुपैयाँ मात्र पार्प्त भएको छ, हामीसँग भएको बजेटले कुन-कुन आयोजना थोरै रकमले सम्पन्न हुन्छ, त्यसैगरी केही अधुरा आयोजना पुरा गर्ने छौं।'

माण्डवी गाउँपालिकाका अध्यक्ष नमराज अधिकारीले राज्यको स्रोत जथाभाबी खर्च गर्नु गलत भए पनि त्यही भइरहेको टिप्पणी गरे।योजना छनोट गर्दा आवश्यकता र प्राथमिकताका आधारमा गर्नुपर्नेमा त्यसो नभएको, भौतिक पूर्वाधार तयार भइसकेका आयोजनालाई पनि बजेट रोकेर गर्न नहुने काम गरिएको बताए । 'सञ्चालन गर्न लगभग तयार भइसकेका यस्ता जीवनमुखी आयोजनामा थोरै रकम पनि नदिने, अर्कोतिर नयाँ-नयाँ आयोजना घोषणा गरेर चारपाँच करोड बाँड्ने काम भएको छ, यसले सम्पन्न हुन लागेका आयोजनालाई लथालिंग पार्ने, नयाँ आयोजनालाई पनि अधुरो बनाउने जोखिम देखिएको छ।'-उनले भने।

पछिल्लो समय जनप्रतिनिधि मात्र होइन, पहुँचवाला नेताको ध्यान २०-२५ लाख विनियोजन हुँदा सञ्चालनमा आउने खानेपानी आयोजनाभन्दा नयाँ आयोजनाका लागि जोडबल गर्नेमा केन्द्रित छ । नयाँ आयोजनाले तरंगित पारिहाल्ने भएकाले जनप्रतिनिधि र नेताको ध्यान त्यतातिर भएको बुझ्न गाह्रो छैन । जबकि, यस्तो ध्याउन्नले स्वच्छ पिउने पानी पाउनुपर्ने नागरिकको संविधानप्रदत्त हक कुण्ठित गरिरहेको छ।

प्यूठान नगरपालिका वडा -३ का वडाध्यक्ष एवम् नगर प्रवक्ता सुमनराज श्रेष्ठले बजेट योजना तर्जुमा एकद्वार प्रणालीबाट नहुँदा प्राविधिक मूल्यांकन बिनै बजेट विनियोजन निर्माण गरियो जसले गर्दा यी आयोजना अलपत्र परेको बताए। 'विभिन्न तहका सरकारबिच बजेट निर्माणमा समन्वय हुन् सकेन,' उनले भने-'योजनाबारे हचुवाको भरमा बजेटको निर्माण गरियो जसले योजना बारे पूर्ण ज्ञान नै छैन, अब नीतिगत रुपमा सरकारले सरकारका अंगहरुलाई समन्वय गरेर योजनाको आवस्यकता, मूल्यांकन र मागलाई पहिलो प्राथमिकतामा राखी बजेट निर्माण गरियो भने अब हुने ठुला आयोजनाहरु अलपत्र हुँदैन।'

मुख्यतः एउटा नेतृत्वले बजेट बनाउने अर्को नेतृत्वले अपनत्व नलिने हुँदा यी खानेपानी आयोजनाहरु अलपत्र परेको वडाध्यक्ष सुमन राज श्रेष्ठले बताए।

सरकारले २ लाख बढी प्यूठानवासीलाई शुद्ध पिउने पानी उपलब्ध गराउन सुरु गरेका आयोजनामा राज्यकोषबाट करिब २६ करोड खर्च भइसकेपछि आयोजना नै अलपत्र परेका छन् । यसले हाम्रा विकास योजनाको यथार्थ छर्लंग बनाएको छ । नागरिकलाई पानीको आश्वासन बाँडेर मात्र राज्यको दायित्व पूरा हुँदैन । दुर्गम गाउँका अधुरा आयोजना कहिले सम्पन्न हुन्छन् भन्ने जवाफ अब सम्बन्धित सरकार र निकायले दिनुपर्ने अवस्था आएको छ।

## जग्गा प्रशासन कार्यालय कपिलवस्तु तौलिहवाबाट प्रकाशित श्रेस्ता कायम सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

जिल्ला कपिलवस्तु मायादेवी गाउँपालिका वडा नं. ८ घिसि वरईको नाति कल्लु वरईको छोरा राम किसुन वरईले मायादेवी गाउँपालिको ८ को च.न ७१ मिति २०८३।०४।१८ को जोतभोग गरिरहेको र श्रेस्ता जीर्ण भएकोले श्रेस्ता तयार गरि जग्गाधनि प्रमाण पुर्जाको प्रतिलिपि उपलब्ध गराइदिने सम्बन्धि सिफारिस, जग्गाधनि प्रमाणपत्र, नागरिकता, तिरो समेतका कागजात सलग्न राखि श्रेस्ता कायम गरिपाउ भनि निवेदन पेश गर्नु भएकोमा निज जग्गाधनिको श्रेस्ता खोजि गर्दा नपाइएकोले भुमि प्रशासन निर्देशिका २०८१ को दफा ९ बमोजिम राम किसुन वरईको नाउँमा यो ३५ दिने सार्वजनिक सुचना प्रकाशन गरिएको छ। सो म्यादभित्र निज निवेदक भन्दा नजिकको अन्य कोहि हकदार भए वा उक्त जग्गामा कहि कतै वादविवाद झगडा भए वा उक्त जग्गामा नेपाल सरकारको सरकारि प्रति जङ्गल वा अन्य कुनै जग्गा घुसेको भए सुचना प्रकाशित भएको मितिले वाटोको म्याद वाहेक ३५ दिनभित्र यस कार्यालयमा स-प्रमाण दावी पेश गर्नुहोला अन्यथा म्यादभित्र कुनै दाबी विरोध / उजुरी नपरेमा प्रचलित कानुन वमाजिम निवेदकको नाँउमा श्रेस्ता कायम गरि जग्गाधनि प्रमाणपुर्जाको प्रतिलिपि जारि भैजाने व्यहोरा जानकारी गराइन्छ।

**तपशिल**

| साविक गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | निवेदक |
|---|---|---|---|---|
| विजुवा | १क | ९ | ०-१-५ | रामकिसुन वरई |
| विजुवा | १ख | ४३२ | ०-१-१० | रामकिसुन वरई |
| विजुवा | २क | ३३ | ०-३-० | रामकिसुन वरई |
| विजुवा | २क | ३५ | ०-२-० | रामकिसुन वरई |
| विजुवा | २क | ३१७ | ०-०-८ | रामकिसुन वरई |
| विजुवा | २क | ३२१ | ०-०-१८ | रामकिसुन वरई |
| विजुवा | २ख | २१७ | ०-०-१६ | रामकिसुन वरई |
| विजुवा | २ख | २३१ | ०-२-८ | रामकिसुन वरई |
| विजुवा | २ख | ३७६ | ०-१-९ | रामकिसुन वरई |
| विजुवा | २ख | ४२४ | ०-१-१४ | रामकिसुन वरई |
| विजुवा | २क | ७५८ | ०-०-१२ | रामकिसुन वरई |
| विजुवा | १ख | ३६९ | ०-०-११ | रामकिसुन वरई |
| विजुवा | १ख | २१८ | ०-०-९ | रामकिसुन वरई |
| विजुवा | १ख | ३७४ | ०-०-१४ | रामकिसुन वरई |
| विजुवा | १क | ७०० | ०-०-६ | रामकिसुन वरई |
| विजुवा | १क | ७०२ | ०-०-६ | रामकिसुन वरई |
| विजुवा | १ख | ४६६ | ०-०-६ | रामकिसुन वरई |
| विजुवा | २क | ९६८ | ०-०-१४.५ | रामकिसुन वरई |
| विजुवा | २क | ९७० | ०-०-४.५ | रामकिसुन वरई |
| विजुवा | २ख | ५९८ | ०-०-८.५ | रामकिसुन वरई |
| विजुवा | २क | ९७७ | ०-३-१९ | रामकिसुन वरई |
| विजुवा | २क | ९७९ | १०-१-१७.५ | रामकिसुन वरई |
| विजुवा | २क | ११९८ | ०-०-१७ | रामकिसुन वरई |

स्थानीय सरकार
## रामग्राम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
परासी, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश, नेपाल

## आय ठेक्का आह्वान सम्बन्धी सूचना !

**प्रथम पटक सूचना प्रकाशित मिति २०८३/०५/२६**

रामग्राम नगरपालिका क्षेत्रभित्र आ.व. २०८३/०८४ का लागि देहाय बमोजिमका आय ठेक्काहरु शिलबन्दी दरभाउपत्रका माध्यमबाट बन्दोबस्त गर्नुपरेकोले, रामग्राम नगरपालिकाको आर्थिक ऐन, २०८३ ले निर्धारण गरेको दररेटको आधारमा कर शुल्क उठाउने गरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं. | आय ठेक्काको नाम | न्युनतम अंक (भ्याट बाहेक) |
|---|---|---|
| २०८३/०८४/००७ | कवाडी कर संकलन ठेक्का | १०,००,०००/- |

**शर्तहरु :**

१. ठेक्का कबोल रकम अंक र अक्षरमा स्पष्ट बुझिने गरी उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।
२. आफूले कबोल गरेको अंकको ५ प्रतिशतले हुने धरौटी रकम यस नगरपालिकाको धरौटी खाता नामः रामग्राम नगरपालिका ग ३ धरौटी खाता नं. ३१००१००३०३०००००२ राष्ट्रिय बाणिज्य बैङ्क, रामग्राम परासी शाखामा शाखामा जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ।
३. सूचना प्रकाशित भएको मितिदेखि ७ औं दिन (असोज १ गते) को ३:०० बजे सम्म सिलबन्दी दरभाउ पत्र पेश गर्न सकिनेछ। सोही दिनको ५:०० बजे दरभाउपत्र दाता वा निजको प्रतिनिधि (उपस्थित नभए पनि) र कार्यालयका प्रतिनिधिको रोहबरमा खोलिनेछ।
४. दरभाउपत्र स्वीकृत भएको ७ (सात) दिन भित्र कबोल गरेको रकमको १३% मू.अ.कर र १.५% अग्रिम आयकर सम्बन्धित राजस्व कार्यालयमा दाखिला गरेर सबै एकमुष्ट कबोल रकम नगरपालिकाको कार्यालयमा दाखिला गरी पट्टा उठाउनुपर्नेछ। कबोल रकम एकमुष्ट रुपमा बुझाएमा रामग्राम नगरपालिकाको आर्थिक ऐन, २०८३ बमोजिम १०% छुट दिइनेछ।
५. यस नगरपालिकामा बिगतमा आय ठेक्कामा बक्यौता बाँकी भएका ठेकेदारहरुले बक्यौता रकम नतिरेसम्म ठेक्कामा भाग लिन पाउने छैन।
६. दरभाउपत्र फारम दर्ता गर्ने र खोल्ने दिन बिदा परेमा क्रमशः सोही दिनको भोलिपल्ट कार्यालय खुलेको दिन मान्य हुनेछ।
७. ठेक्काको म्याद २०८४ असार मसान्ता सम्मका हुनेछ।
८. दरभाउपत्र फारम यस रामग्राम नगरपालिका राजश्व शाखाबाट दस्तुर रु. १०००/- (फिर्ता नहुने गरी) बुझाई उपलब्ध हुनेछ।
९. आवश्यक जानकारीको लागी यस नगरकार्यपालिकाको कार्यालयमा राजश्व शाखा सम्पर्क गर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत


## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५, ९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३, ९८०७१८०८१३



**जलमग्न अस्पतालः**
बिहीबार दिउँसो परेको वर्षापछि ढल निकासको उचित व्यवस्था नहुँदा जलमग्न बनेको दाङको घोराहीस्थित राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान परिसर। सामान्य वर्षा हुँदा समेत परिसरमा पानी जम्ने गर्दा उपचारका लागि आएका बिरामी, कुरुवा तथा स्वास्थ्यकर्मीले सास्ती खेप्दै आएका छन्। तस्विरः रासस

# नगरपालिकामा विद्युतीकरण नभएको भन्दै आन्दोलन



**नवीन लोचनमगर**
*रोल्पा*

रोल्पा नगरपालिकाका ग्रामीण भेगमा विद्युतीकरणको काम अघि नबढेपछि ती गाउँवासी आन्दोलित भएका छन्। बिहीबार नेपाल विद्युत् प्राधिकरणको रोल्पा वितरण केन्द्रमा पुगेर उनीहरुले विभिन्न मागहरु पेश गर्दै माग पूरा नभए थप सशक्त आन्दोलन गर्ने चेतावनी दिएका छन्।

नगरपालिकाको ५, ७, ८, ९ र १० नम्बर वडाका स्थानीयवासीले बिहीबार नेपाल विद्युत् प्राधिकरणको रोल्पा वितरण केन्द्र लिबाङस्थित कार्यालयमा पुगेर कडा चेतावनीसहित मागपत्र पेश गरेका छन्। विद्युत् विस्तारका लागि भन्दै गठित संघर्ष समितिले पटकपटक उपभोक्ता, जनप्रतिनिधिले ताकेता गर्दा पनि विभिन्न बहानामा आलटाल गरेको भन्दै तत्काल काम अगाडि बढाउन माग गरेको छ।

'हामीले धेरैपटक विद्युत प्राधिकरणमा गएर काम अगाडि बढाउन भन्यौं, ठेकेदारलाई पनि भन्यौं,' संघर्ष समितिका संयोजक फविन्द्र आचार्यले भने-'जनप्रतिनिधि र जनताले गएर भन्दा पूर्णतः बेवास्ता गरिएपछि आन्दोलन गरेका हौं, माग पूरा नभए थप सशक्त आन्दोलन गर्छौं।' उनले आन्दोलनको पहिलो चरणमा जिल्ला प्रशासन कार्यालय र रोल्पा नगरपालिकालाई बोधार्थ राखेर नेपाल विद्युत् प्राधिकरणमा ज्ञापनपत्र पेश गरेको जानकारी दिए।

सडक, सञ्चार र विद्युतीकरणबाट समेत वर्षाभर वञ्चित रहने रोल्पा नगरपालिका-१०, स्याकैका स्थानीय माला रोकामगरले विद्युत् नहुँदा दैनिक कामकाजमा निकै समस्या भइरहेको बताइन्। 'विद्युत् नभएपछि मोबाइल चार्ज पनि हुँदैन, गाउँमा केही दुर्घटना वा समस्या भयो भने पनि अँध्यारोमा गाह्रो हुन्छ,' उनले भनिन्-'विद्युत् कार्यालयले बेवास्ता गरेकाले हामी आन्दोलन गर्न आएका हौं।' रोल्पा नगरपालिकाको वडा नं. १० मा मात्रै करिब २५० घरपरिवार अहिले पनि अन्धकारमा बस्न बाध्य छन्। 'बाटोमा विजुलीको पोल फालेर कता गए भनेर खोज्न आएको।'- सोही वडाको फाल्जा निवासी बालकुमारी बुढाले भनिन्।

राजनीतिक नेतृत्वले चुनावको बेला मात्र जनताको समस्या सम्झिने र जितेर गएपछि पूर्णतः बेवास्ता गरेको भन्दै उनीहरुले आक्रोश व्यक्त गरे। 'चुनावको बेला सबैले मीठो कुरा गर्दै आउँछन्, समस्या के छ हामी पूरा गर्दिन्छौं भन्न आउँछन्,' धाङ्सीका पुरे बुढाले भने- 'चुनाव जितेपछि फर्किन्नन्, अहिले आन्दोलन गर्नुपर्ने अवस्था आएको छ।'

विगत दशौंवर्षदेखि विद्युत् सेवा उपलब्ध गराउने भनेर बारम्बार विभिन्न बहानामा जनतालाई ढाँट्दै आएको स्थानीयको गुनासो छ। नागरिकले पाउनुपर्ने आधारभूत अधिकारबाट पनि वञ्चित गरिएको भन्दै ठेक्का लागिसकेको ठाउँमा तत्काल काम अगाडि बढाउन र ठेक्का नलागेका ठाउँमा तत्काल ठेक्का प्रक्रिया अगाडि बढाउन कार्यालयले पहल गर्नुपर्ने उनीहरुले माग गरेका छन्। विद्युत् प्राधिकरणको कामप्रति जनप्रतिनिधि पनि सन्तुष्ट छैनन्। नगरपालिकाको विद्युतीकरण नभएका पाँचवटै वडाध्यक्षहरु पनि आन्दोलनमा सहभागी छन्। 'हामीले धेरैपटक प्राधिकरण र ठेकेदार कम्पनीलाई भन्दै आएका छौं,' वडा नं. ७ का अध्यक्ष लालबहादुर घर्तीले भने-'सधैँ आलटाल गरेर हुँदैन, समस्या कसको हो जनतालाई स्पष्ट भनिदिनुपर्छ।'

यता नेपाल विद्युत् प्राधिकरण रोल्पा वितरण केन्द्रले भने रोल्पा जिल्लाका ८ वटा गाउँपालिकामा दुईवटा ठेक्का चलिरहेको र रोल्पा नगरपालिका छुट्न गएको बताएको छ। तर जिल्लाभर विद्युतीकरण गर्ने भनिएकाले नगरपालिका पनि समेटिने कार्यालयले आश्वासन दिएको छ।

स्थानीयवासीको मागप्रति आफूहरु गम्भीर रहेको बताउँदै नेपाल विद्युत् प्राधिकरण रोल्पा वितरण केन्द्रका सहायक प्रबन्धक ईश्वरबहादुर विष्टले मागलाई सम्बन्धित निकायमा पठाउने र कार्यालयको तर्फबाट पनि अझै दबाब दिने बताए। पूर्ण विद्युतीकरणको नारालाई गिज्याउने गरी भएको यो आन्दोलनको मागलाई नेपाल विद्युत् प्राधिकरण, राजनीतिक नेतृत्व र सरकारले गम्भीरतापूर्वक हेर्नुपर्ने देखिन्छ।

## संघर्षबाट आत्मनिर्भरता :
# सफल निर्माण व्यवसायी बने दुर्गा



**अनिल नेपाली**
*अर्घाखाँची*

अर्घाखाँचीको सन्धिखर्क नगरपालिका-७ मान्डाँडामा सामान्य परिवारमा जन्मिएका दुर्गाबहादुर नेपाली अहिले सफल निर्माण व्यवसायीका रूपमा स्थापित छन्। बाल्यकालदेखि नै आत्मनिर्भर बन्ने सोंच बोकेका नेपालीले संघर्ष, मेहनत र सीपलाई आफ्नो सफलताको आधार बनाएका हुन्।

आर्थिक अवस्था कमजोर भएका कारण सानै उमेरदेखि नै केही गरेर आत्मनिर्भर बन्नुपर्छ भन्ने सोंच नेपालीमा थियो। दुःख-सुख गर्दै उच्च शिक्षासम्मको अध्ययन पूरा गरेका उनले इलेक्ट्रोनिक्स अर्थात् विद्युत् सम्बन्धी सीपसमेत सिके। त्यतिबेला गाउँका अधिकांश घरमा विद्युत् पुगेको थिएन। उनले गाउँका घर-घरमा विद्युत् जडान गर्दै आफ्नो सीप र पहिचान विस्तार गर्न थाले।

नेपालीले वि.सं. २०६८ देखि गाउँमा विद्युत् सम्बन्धी काम सुरु गरेका थिए। २०७४ सालसम्म अरूको माध्यमबाट काम गर्दै आएका उनले त्यसपछि आफ्नै व्यवसाय सुरु गर्ने अठोट गरे। सोही क्रममा २०७४ सालमा 'जय दुर्गा कन्स्ट्रक्सन' स्थापना गरी ठेक्का तथा निर्माण व्यवसायमा प्रवेश गरे।

सुरुवाती दिनमा सामान्य आम्दानीबाट जीवनयापन गर्दै आएका नेपालीले निरन्तर मेहनत र लगनशीलताका कारण व्यवसायलाई विस्तार गर्दै लगे। अहिले उनी करोडौँ रुपैयाँको कारोबार गर्ने सफल व्यवसायीका रूपमा परिचित छन्।

'जीवनमा संघर्ष नगरी सफलता प्राप्त गर्न सकिँदैन' भन्ने मान्यता राख्ने नेपालीका लागि संघर्ष नै जीवनको आधार बनेको छ। उनका अनुसार मानिसले समस्याभित्र पनि अवसर खोज्न सक्नुपर्छ। जीवनका विभिन्न भोगाइबाट सिकेको शिक्षालाई व्यवहारमा उतार्दै अघि बढेका नेपाली कर्ममा विश्वास गर्छन्।

अर्घाखाँचीमा मात्रै नभई छिमेकी जिल्ला गुल्मी, प्यूठान, पाल्पालगायत कर्णाली प्रदेशका विभिन्न जिल्लामा विद्युत् विस्तारका क्षेत्रमा समेत नेपालीको योगदान रहेको छ। सामान्य जीवनशैली र सरल स्वभावका नेपाली काममा भने निकै सक्रिय र मेहनती छन्।

उनको यही मेहनत र योगदानका कारण विभिन्न संघसंस्थाबाट सम्मानसमेत प्राप्त गरिसकेका छन्। उनलाई नजिकबाट चिन्नेहरू नेपालीको सफलता उनको निरन्तरको मेहनत, सीप, इच्छाशक्ति र कर्मप्रतिको विश्वासको परिणाम भएको बताउँछन्।

जीवनमा केही गर्ने इच्छाशक्ति भए कठिन परिस्थितिलाई समेत अवसरमा बदल्न सकिन्छ भन्ने उदाहरण नेपालीले प्रस्तुत गरेका छन्। सानो लगानीबाट सुरु गरेको व्यवसायलाई निरन्तर मेहनतका साथ विस्तार गर्दै करोडौँको व्यवसाय निर्माण गर्न सफल नेपाली अहिले पनि 'अझै केही गर्नुपर्छ' भन्ने हुटहुटीका साथ आफ्नो काममा व्यस्त छन्।

भाग्यभन्दा कर्ममा विश्वास गर्ने नेपालीको संघर्ष र सफलताको यात्राले मेहनत र इच्छाशक्ति भए सामान्य परिवारबाट पनि सफल उद्यमी बन्न सकिन्छ भन्ने प्रेरणा दिएको छ।

# राष्ट्रिय स्वाधीनता गम्भीर संकटमा : प्रचण्ड



बुटवल। नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेपाल अहिले राष्ट्रिय स्वाधीनताको दृष्टिकोणले गम्भीर संकटमा रहेको दाबी गरेका छन्।

बिहीबार सिरहाको मिर्चैयामा आयोजित पार्टीको कार्यक्रममा बोल्दै उनले संविधान र जनताको अधिकारमाथि संकट उत्पन्न भएको पनि टिप्पणी गरे। संयोजक प्रचण्डले गत वर्षको भदौ २३ र २४ गतेको आन्दोलनपछि नेपालको राजनीतिक अवस्था थप जटिल बनेको जिकिर गरे।

'नेपाल राष्ट्र रहने हो कि होइन भन्ने चिन्ता नेपाली जनताको मनमा पैदा भएको छ,' उनले भने-'देशमा फेरि अर्को दुर्घटना हुने हो कि भन्ने आशंका पनि बढेको छ।'

सम्बोधन क्रममा उनले पटक-पटक 'नेपाल ठूलो संकटमा छ' भन्दै नेता तथा कार्यकर्तालाई गम्भीर भएर परिस्थितिको विश्लेषण गर्न आग्रह गरे।

भदौ २४ गतेपछि संविधान मिचेर सरकार गठन भएको दाबी गर्दै उनले संसद् विघटन गर्नै नहुने अवस्थामा गरिएको र नेपालको राजनीतिक भविष्यबारे विदेशी शक्तिहरूले निर्णय गर्न थालेको आरोप लगाए।

उनले अहिले नेपाल नेपालीकै हातमा छ भन्ने ठान्नु भ्रम मात्रै रहेको बताए। 'अहिले नेपाल हाम्रो हातमा छैन, अर्कैको हातमा छ। त्यसैले नेपाल नेपालीको हातमा फर्काउन एउटा ठूलो मोर्चा र आन्दोलन आवश्यक छ।'- प्रचण्डले भने। संविधान ट्र्याक बाहिर गएको टिप्पणी गर्दै उनले संविधानलाई भेन्टिलेटरमा राखिएको बिरामीसँग तुलना गरे।

संविधान, लोकतन्त्र, संघीयता, न्याय र सुशासनको पक्षमा अभियान अघि बढाउने जिम्मेवारी अब वामपन्थी शक्तिहरूले लिनुपर्ने पनि प्रचण्डले बताए। त्यसका लागि नेकपा एमाले र नेकपा मसालसँग कार्यगत एकताको प्रक्रिया अघि बढेको बताउँदै उनले अन्य वामपन्थी शक्तिसँग एकताका लागि छलफल भइरहेको बताए।

यस्तै, शान्ति प्रक्रिया र संविधान निर्माणमा सहकार्य गरेका शक्तिहरूमा नेपाली कांग्रेससँग पनि फेरि एक ठाउँमा उभिनुपर्ने भन्दै छलफल भइरहेको उनले बताए।


## रुपन्देही व्यापार संघ
## २५औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

रुपन्देही व्यापार संघको २५औं वार्षिक साधारणसभा तपसिल बमोजिम सम्पन्न हुन गइरहेको संघका सम्पूर्ण आजिवन एवं साधारण सदस्यहरु तथा सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ।

**कार्यक्रम**

| | |
|---|---|
| मितिः | २०८३ आश्विन १० गते शनिबार |
| समय : | विहान १०:३३ बजे |
| स्थान : | रुपन्देही व्यापार संघको सचिवालय |

**विस्तृत जानकारीको लागि**
**रुपन्देही व्यापार संघको सचिवालय**
बुटवल-४, व्यापार संघचोक
सम्पर्क नं. ०७१-५३६०६८, ५३७०६८, ५५४४०६८
Email. rcc.org.np@gmail.com, web: www.rccorg.org

## आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/
अफसेट प्रेस

सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com








सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com